अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।०५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट आ.व.०७५/७६ मा IFB No. NITC/G/NCB-6-075/076, Supply, Delivery and Installation and Commissioning of RISC and HCI Servers खरिद सन्देहपूर्ण रहेको, खरिद गरिएका मुख्य उपकरणहरुको प्राविधिक विवरणहरु अनलाईनमा प्राप्त विवरणहरु (Datasheet) सँग मिल्न गएकोमा यसरी खरिद गरिएका मुख्य उपकरणहरुको मूल्य अनलाईन श्रोतमा प्राप्त हालको मूल्यसूची भन्दा बढी भएको पाइएको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा NITC/G/NCB-6-075/076, Supply, Delivery and Installation and Commissioning of RISC and HCI Servers लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले रु.२६,२९,५३,३३५।३३ लागत अनुमान तयार गरी पेश भएको बोलपत्रमा म्याक्स इन्टरनेशनलले सन् २०१९/०६/१९ (वि.स.२०७६/०३/०४) मा उक्त केन्द्रमा पेश गरेको Invoice No. 6124 अनुसार राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिहंदरवार, काठमाडौंबाट Training and onetime Installation and Configuration at GIDC and DRC शीर्षकको भ्याट बाहेक रु. २,६५,००,०००।–र Three Years warranty with onsite Support शीर्षकको भ्याट बाहेक रु. ३,१४,००,०००।–रकम म्याक्स इन्टरनेशनललाई भुक्तानी भएको देखिएको, मिलेमतोमा स्वार्थ बाझिने गरी Training, Installation and Configuration कार्यको लागत अनुमान तयार गरेको, सम्झौता बमोजिमको Warranty Onsite Support को कार्य नै नभएको अवस्थामा समेत कार्य भएको भनी रकम भुक्तानी दिए/लिएको तथ्य स्थापित भएकोले प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ पुर्‍याउने तथा नेपाल सरकार/सार्वजनिक संस्थालाई हानी पुर्‍याउने बदनियतले रु.५,७९,००,०००।–बरावरको रकम बढी भुक्तानी लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको निम्न बमोजिमको कसूरजन्य कार्य गरे गराएको हुँदा देहायका प्रतिवादीहरु उपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

- सार्वजनिक खरिद योजना तयार नगरी खरिद कार्य भएको, लागत अनुमानसँग स्वीकृत भएको Technical Specification मिल्ने गरी विस्तृत रुपमा नै दरभाउपत्र पेश गरी मिलेमतो गरेको, खरिद कार्य आइटमवाइज खरिद हुने गरी लागत अनुमान नबनाई एकमुष्ट दर विधिबाट गरेको खरिद परामर्श सेवाको खरिद हो भन्न नसकिएको।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (१) (क) (२) बमोजिम मालसामान खरिद गर्दा राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान गरी आइटम वाइज खरिद हुने गरी लागत अनुमान, स्पेशिफिकेशन र बोलपत्र कागजात तयार गरिएकोले उक्त खरिद एकमुष्ट दर विधिबाट गरिएको खरिद वा परामर्श सेवाको खरिद होइन। तसर्थ, RISC and HCI Servers खरिद गर्दा Application Server Hyper Converged Infrastructure लगायतका मालसामानहरुसँगै Training, Installation and Configuration र warranty with onsite support कार्य Manufacturer/सम्झौता गर्ने कम्पनी कै

दायित्व भित्र रहने भएकोले छुट्टै शीर्षक राखी बढी मूल्य/लागत देखाउने बदनियतपूर्ण कार्य भए गरेको।

- सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद परामर्श कार्य टोलीको राय प्रतिवेदन अनुसार दरभाउ माग, लागत अनुमान तयारी तथा स्वीकृतिमा स्वार्थ बाझिने गरी मिलेमतो भएको, बोलपत्र तथा सम्झौताका सर्त अनुसार खरिद कार्य नभएको, Training, Installation and Configuration तथा Three Years warranty with onsite Support शिर्षकको भुक्तानी नियमसंग नभएको तथ्य देखिन आएको।
- राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट आ.व. ०७५/७६ IFB No. NITC/G/NCB-6-075/076, Supply, Delivery and Installation and Commissioning of RISC and HCI Servers खरिद कार्य सन् २०१९ मा सम्पन्न भएको र उक्त खरिदको म्याक्स इन्टरनेशनललाई सामान आपुर्ती गर्ने सिंगापुरको BancTec Pte Ltd ले सन् २०१९ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रका **कार्यकारी निर्देशक सुनिल पौडल**को UOB Singapore बैंकमा रहेको 380-948-310-8 खातामा US$ 79,640 रकम जम्मा गरेकोसमेत देखिएको।

**प्रतिवादीहरु उपर लिइएको सजायको मागदाबी**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक **सुनिल पौडेल** | रु.५,७९,००,०००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (क), (ङ), (ञ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उल्लिखित विगो रकम असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन साथै निज राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक भई कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको। |
| २ | राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन सहायक निर्देशक रमेश प्रसाद पोखरेल भन्ने **रमेश पोखेल** र कम्प्युटर इन्जिनियर **रामशरण गायक** | रु.५७९,००,०००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (क), (ङ), (ञ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी विगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३ | राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन लेखा अधिकृत **निम बहादुर वली** | ५,७९,००,०००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी विगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४ | **म्याक्स इन्टरनेशनल प्रा.लि., पुतलिसडक, काठमाडौं** र उक्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सि.इ.ओ.) **अकवर हुसेन** | रु.५,७९,००,०००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) (ञ) बमोजिमको कसूरमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको देखिएकोले मुख्य कसूरदारसरह विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन र विगो असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल